# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**Mathagadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathigadhi.gov.np

च.नं. (Despatch No.) ——
पत्र सख्या : (Ref. No.) 0८2-0८3

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/२४**

यस माथागढी गाउँ कार्यपालिकाको मिति २०८२/०४/१३ गतेको निर्णयानुसार गाउँपालिकाको लागि देहाय बमोजिमका पदहरुमा सेवा करारमा लिई काममा लगाउनु पर्ने भएकोले इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो दरखास्त आह्वान गरिकाएको छ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १ | १/०८२–०८३ | जनस्वास्थ्य अधिकृत | सातौं | १ |
| २ | २/०८२–०८३ | Lab Assistant | चौथो | १ |
| ३ | ३/०८२–०८३ | अ.न.मी. | चौथो | १ |
| ४ | ४/०८२–०८३ | मनोसामाजिक परामर्श कर्ता | पाँचौ | १ |
| ५ | ५/०८२–०८३ | रिटर्नी स्वयंसेवक | श्रेणी विहिन | २ |
| ६ | ६/०८२–०८३ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ |

१. **न्यूनतम शैक्षिक योग्यता** :

क) **जनस्वास्थ्य अधिकृत** : लोक सेवा आयोगले तोके बमोजिम ।

ख) Lab Assistant: लोक सेवा आयोगले तोके बमोजिम ।

ग) **अ.न.मी.**: लोक सेवा आयोगले तोके बमोजिम ।

घ) **कार्यालय सहयोगी**: कक्षा ८ पास ।

ङ) **मनोसामाजिक परामर्श कर्ता**:

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेण्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
- प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।
- कम्प्युटर सम्बन्धी आधारभूत (Word, Excel, Powerpoint) मा ज्ञान भएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

च) **रिटर्नी स्वयंसेवक**:

- न्युनतम ८ कक्षा पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा एक वर्ष काम गरेको अनुभव भएको ।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ ।
- प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली भाषा जानेको र स्थानीय हुनुपर्नेछ ।

२. **आवेदन दिनु पर्ने अन्तिम मिति** : सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र । अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ।

३. **आवेदन बुझाउने स्थान** :प्रशासन शाखा, माथागढी गाउँ कार्यपालिकाको कार्यालय, झडेवा, पाल्पा । तोकिएको मितिभित्र आवेदन फारम हुलाक वा ईमेलबाट पनि पठाउन सकिनेछ ।

४. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु** : शैक्षिक योग्यताको प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्र, अनुभवको प्रमाण-पत्र तथा अन्य आवश्यक कागजातको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

५. **फारम दस्तुर** :  क) जनस्वास्थ्य अधिकृतको हकमा रु.१०००।- अरु सवै पदको हकमा रु.५००/-

६. **उमेर हद**: १८ बर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० बर्ष ननाघेको र रिटर्नी स्वयंसेवक पदको हकमा ४० वर्ष ननाघेको ।

७. **तलब स्केल** : गाउँपालिकाको नियम अनुसार ।

८. **परीक्षाको किसिम**: लिखित, अन्तर्वार्ता र मनोसामाजिक परामर्शकर्ताको हकमा प्रयोगात्मक समेत हुनेछ ।

९. **परीक्षा मिति**: कार्यालयबाट सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

१०. **कामगर्नु पर्ने स्थान** : छनौट भएका सफल उम्मेद्वारहरुले गाउँपालिका लगायत मातहतका वडाहरुमा गाउँ कार्यपालिकाले तोकेको कार्य विवरण अनुसार काम गर्नु पर्ने छ ।

- थप जानकारीको लागि ९८५७०७९११० र ९८५७०७९११६ मा सम्पर्क गर्न सकिनेछ ।
- दरखास्त फाराम यस गाउँपालिकाको वेवसाइट www.mathagadhimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

२०८२।०५।२८

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत